# दुल्लू नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख
### सिलबन्दी वोलपत्र आव्हानको सूचना

**सूचना नं. १/२०७४/०७५**
**दोस्रो पटक प्रकाशित मिति :- २०७५/३/५**

यस दुल्लू नगरपालिका, नगर कार्यपालिका कार्यालय दुल्लू, दैलेखले तपशिल वमोजिमका कामहरु सिलवन्दी बोलपत्रको माध्यमबाट आगामी २०७५ पौस मसान्त भित्र निर्माण/खरिद गराउनु पर्ने भएको हुदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायी/सप्लार्यसहरुबाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको सिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र दोश्रो पटक राजधानी दैनिकमा प्रकाशित मितिले १५ औं दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नगरपालिका क्षेत्र भित्रका व्यवशायी भए न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, आ.व.२०७३/०७४ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धि कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई बोलपत्र खरिद गर्न सकिनेछ । विद्युतिय संचारको माध्ययमबाट वोलपत्र पेश गर्न चाहने निर्माण व्यवसायी/सप्लार्यसहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न सकिने छ ।

२. बोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय बमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकम सिलवन्दी बोलपत्र साथ कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको जमानी पत्र (विड वण्ड) वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क दुल्लू शाखामा रहेको ४३४०३०३००७०२ धरौटी खातामा धरौटी बापतको रकम जम्मा गरेको सक्कलै बैङ्क भौचर सिलबन्दी वोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । विद्युतीय माध्यमवाट वोलपत्र पेश गर्न चाहने इच्छुक निर्माण व्यवसायीहरुलाई सहजीकरणको लागि दुल्लू नगरपालिका, नगर कार्यपालिका कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ । वेभ साइटवाट सिधै डाउनलोड गर्ने कम्पनी वा निर्माण व्यवसायी वा निर्माताका अधिकृत विक्रेताले वोलपत्रसाथ तल तोकिएको बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको रा.वा.बैङ्क दुल्लू शाखामा रहेको खाता नं ४३४०३०३००७०२ मा र धरौटी वापतको रकम जम्मा गरेको भौचरको Scan copy समेत पेश गर्नुपर्ने छ । सिलवन्दी वोलपत्र स्वीकृत भएपछि आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्द वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा ४ (१२० दिन) महिना म्याद भएको कार्य सम्पादन बैङ्क जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गर्नु पर्ने छ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

४. दर्ता भएको बोलपत्र १६ औं दिन दिनको २.०० बजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७ संयुक्त उपक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा वढिमा ३ वटा फर्महरुको एउटा संयुक्त उपक्रम वनाई वोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयुक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्बन्धि सक्कलै सम्झौता वोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयुक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मुख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै वोलपत्र खरिद र दाखिला गर्न पाईने छैन ।

८. जुन फर्मको नामबाट बोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्न पाईने छ ।

९. कुनै बोलपत्रदाताले E- Biddding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding प्रकृयाबाटै गर्नुपर्ने छ ।

१०. E- Biddding मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले अनिवार्य रुपमा बोलपत्र खोलिने मितिले सात दिन भित्र आफुले पेश गरेको वोलपत्र सम्बन्धि सम्पूर्ण कागजातको सक्कल प्रति ( HARD COPY ) यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

तेजराज शर्मा